नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
आन्तरिक व्यवस्थापन शाखा
सिंहदरबार, काठमाडौं
फोन : ९७७-०१-४२११६६६

पत्र संख्या:- २०८३/८४
चलानी नं.:- ४४

मितिः- २०८३/०४/२०

विषयः पुनरावलोकन समितिको सदस्य सम्बन्धमा ।

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,

नेपाल सरकारका सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरुमा कार्यरत राजपत्रांकित द्वितीय र तृतीय श्रेणीका निजामती कर्मचारीहरुको वार्षिक कार्यसम्पादन मुल्यांकन गर्न निजामती सेवा नियमावली, २०५० को नियम ७८ (५) बमोजिम गठन हुने पुनरावलोकन समितिमा, सोही नियमावलीको नियम ७८ को उपनियम ५(ख) मा सेवा समुह सम्वन्धि मन्त्रालयको सचिव वा निजले तोकेको सम्बन्धित मन्त्रालय/सचिवालय/आयोग वा कार्यालयको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत सदस्य रहने व्यवस्था छ ।

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यसम्पादन मुल्यांकन गर्ने प्रयोजनका लागि नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा, नेपाल विविध सेवा र नेपाल इन्जनियरिंग सेवा, सर्भे समुहको हकमा सम्बन्धित मन्त्रालय/आयोग/सचिवालय/कार्यालयको कर्मचारी प्रशासन हेर्ने महाशाखाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतलाई निजामती सेवा नियमावली, २०५० को नियम ७८ को उपनियम ५ (ख) बमोजिमको सदस्य तोकिएको व्यहोरा नेपाल सरकार (सचिवस्तर) को मिति २०८३।४।१४ को निर्णयानुसार अनुरोध छ ।

(दिपेन्द्र पाण्डे)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखा, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय – प्रस्तुत पत्र मन्त्रालयको वेवसाइटमा राखिदिनुहुन।